# असारी सामुदायिक वन उपभोक्ता समूह

मधुवन नगरपालिका वडा नं. २, बर्दिया

## गोलिया काठ तथा दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

पहिलो पटक सूचना प्रकाशन मितिः २०८३/०१/२३ गते बुधबार

यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.व. ०८२/०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय, बर्दियाको च.नं. ४२२८ मिति २०८३/०१/०९ गतेको लिलाम सहमति पत्रानुसार समूहको घाटगद्धीमा रहेको निम्न परिमाणको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट २१ औं दिनभित्र कार्यालय समयभित्र शिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

<table>
<tr><th>लट नं.</th><th>घाटगद्धी स्थान</th><th>पाईलिङ्ग नं.</th><th>क्र. सं.</th><th>जात</th><th>ग्रेड</th><th>गोलिया थान</th><th>परिमाण (घ.फि.)</th><th>दर रु.</th><th>न्यूनतम मूल्य रु.</th><th>संकलन खर्च रु.</th><th>कैफियत</th></tr>
<tr><td rowspan="15">KH/15/21-a01-01-2083/01/23-p</td><td rowspan="15">समूहको घाटगद्धीमा</td><td rowspan="15">३ देखि १० सम्म</td><td>१</td><td>जामुन</td><td>A</td><td>१</td><td>२६.२४</td><td>४००</td><td>१०४९६.००</td><td rowspan="15">३४७२०३</td><td rowspan="15"></td></tr>
<tr><td>२</td><td>जामुन</td><td>B</td><td>१९</td><td>२२४.५५</td><td>३००</td><td>६७३६५.००</td></tr>
<tr><td>३</td><td>जामुन</td><td>C</td><td>७४</td><td>२९४.९१</td><td>१००</td><td>२९४९१.००</td></tr>
<tr><td>४</td><td>खयर</td><td>N</td><td>३७९</td><td>३५२.१७</td><td>१०००</td><td>३५२१७०.००</td></tr>
<tr><td>५</td><td>सागवन</td><td>A</td><td>५</td><td>३३.३६</td><td>८००</td><td>२६६८८.००</td></tr>
<tr><td>६</td><td>सागवन</td><td>B</td><td>६२</td><td>११६.१०</td><td>६००</td><td>६९६६०.००</td></tr>
<tr><td>७</td><td>अस्ना</td><td>A</td><td>१७</td><td>५०६.४५</td><td>४००</td><td>२०२५८०.००</td></tr>
<tr><td>८</td><td>अस्ना</td><td>B</td><td>२४</td><td>२७७.७३</td><td>३००</td><td>८३३१९.००</td></tr>
<tr><td>९</td><td>अस्ना</td><td>C</td><td>४३</td><td>२०४.४३</td><td>१००</td><td>२०४४३.००</td></tr>
<tr><td>१०</td><td>कर्मा</td><td>A</td><td>२</td><td>३८.५९</td><td>४००</td><td>१५४३६.००</td></tr>
<tr><td>११</td><td>कर्मा</td><td>B</td><td>२२</td><td>२१२.७९</td><td>३००</td><td>६३८३७.००</td></tr>
<tr><td>१२</td><td>कर्मा</td><td>C</td><td>९०</td><td>३२४.३२</td><td>१००</td><td>३२४३२.००</td></tr>
<tr><td>१३</td><td>कुसुम</td><td>N</td><td>४०</td><td>२६९.७०</td><td>१००</td><td>२६९७०.००</td></tr>
<tr><td>१४</td><td>बाँझी</td><td>N</td><td>७</td><td>३७.१५</td><td>१००</td><td>३७१५.००</td></tr>
<tr><td>१५</td><td>बोटधाईरो</td><td>N</td><td>२</td><td>८.५३</td><td>१००</td><td>८५३.००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>७८७</td><td>२९२७.०२</td><td></td><td>१००५४५५.</td><td>३४७२०३</td><td></td></tr>
<tr><td rowspan="3">KH/15/21-a01-02-2083/01/23-p</td><td rowspan="3">समूहको घाटगद्धीमा</td><td colspan="6">साल जातको दाउरा (२०'x५'x५'को) ४.०० चट्टा</td><td>१२०००</td><td>४८०००.००</td><td rowspan="3">१२१८००</td><td rowspan="3"></td></tr>
<tr><td colspan="6">साल र अन्य मिश्रित जातको दाउरा (२०'x५'x५'को) ४.०० चट्टा</td><td>८०००</td><td>३२०००.००</td></tr>
<tr><td colspan="6">अन्य जातको दाउरा (२०'x५'x५'को) १३.०० चट्टा</td><td>४०००</td><td>५२०००.००</td></tr>
<tr><td colspan="9">जम्मा</td><td>१३२०००.००</td><td>१२१८००</td><td></td></tr>
</table>

शर्त तथा नियमहरुः

१. बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०२/१२ गते मंगलबार  ख) समयः कार्यालय समयभित्र

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय

क) अन्तिम मितिः २०८३/०२/१३ गते बुधबार  ख) समयः मध्यान्ह १२:०० बजेसम्म

३. बोलपत्र खोल्ने मिति र समय

क) मितिः २०८३/०२/१४ गते बिहीबार ख) समयः मध्यान्ह २:०० बजे

४. बोलपत्र फारामको दस्तुर रु. एकलाख सम्मको रु. ३००।-, रु. १ लाख देखि १० लाख सम्मको रु. १,०००।- र सो भन्दा माथीको रु. २,०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट **सौर्य राष्ट्रिय दैनिक** पत्रिकामा मिति २०८३/०१/२३ गते बुधबार सूचना प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजेसम्म यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट दर्ता गर्न सकिनेछ।

५. खरिद गरिएका बोलपत्र साथ न्युनतम मुल्य भन्दा माथी कबोल गरेको रकमको १० प्रतिशले हुन आउने रकम यस सामुदायिक वनको नाममा राष्ट्रिय वाणिज्य बैङ्क, गुलरिया, बर्दियामा रहेको खाता नं. ४१४०१००००३२६९००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गरी पेश गर्नुपर्नेछ।

६. लिलाममा भाग लिन ईच्छुक व्यक्ति, संघसंस्था, फर्म वा कम्पनीले नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति, कर चुक्ता प्रमाण पत्रको छाँयाप्रति, मु.अ.क. दर्ता प्रमाणपत्रको छाँयाप्रति वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको छाँयाप्रति (नवीकरण भएका मात्र) र सूची दर्ताको प्रमाणपत्रको छाँयाप्रति बोलपत्र साथ पेश गर्नुपर्नेछ।

७. निर्धारित गरिएको न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट प्राप्त भएपछि साक्षीहरुको रोहवरमा खोलिनेछ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको वा समूहको सूचना पाटीमा सूचना टाँस गरिएको मितिले १० दिन भित्र सकार गरेको रकम, सङ्कलन खर्च तथा निर्धारित मूल्य अभिवृद्धि कर समेत बुझाई लिलाम चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्छ। अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ

१०. छुट्टाछुट्टै लटको लागि छुट्टाछुट्टै बोलपत्र खरिद गरी पेश गर्नु पर्नेछ।

११. वन पैदावार सङ्कलन गर्दा लागेको कटानमुछान, घाटगद्धी सम्मको ढुवानी र पाईलिङ्ग वापतको खर्च छुट्टै बुझाउनु पर्नेछ।

१२. तोकिएको समय भित्र सकार रकम, मु.अ.कर, सङ्कलन खर्च र अन्य बुझाउनु पर्ने रकम बुझाउन नआएमा वा नबुझाएमा तत्काल धरौटी जफत गरी नियमानुसार गरिनेछ।

१३. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार यस समूहमा निहित रहने छ।

१४. अन्य जानकारीको लागि कार्यालय समयमा यस समूहमा सम्पर्क राख्न सकिनेछ।

१५. बोलपत्र खरीद गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट वा कार्यालय खुलेको समयमा खरीद गरी क्रमशः दर्ता गर्न सकिनेछ साथै दर्ता गर्ने दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ।

**४ जना ...**

त्यस्तै, दफा ७ को उपदफा २ मा फेरबदल गर्नुका साथै उपदफा ३ र ४ थप गरिएको छ।

दफा ६ को उपदफा १ मा कुनै परिवर्तन गरिएको छैन भने उपदफा २ मा कार्यसूचीमा समावेश नभएको कुनै विषयमा छलफल हुन आवश्यक भए अध्यक्षलाई बैठकअघि नै सदस्यले जानकारी गराउनुपर्ने व्यवस्था गरिएको छ। यसअघिको मूल ऐनअनुसार त्यस्ता विषय भए सदस्यले बैठकमै अध्यक्षको अनुमति दिएर राख्न पाउँथे। अध्यादेशले यसअघिको उपदफा ३ मा रहेको गणपूरकसम्बन्धी व्यवस्थालाई उपदफा ४ मार्फत् संशोधन गरेको छ। ऐनको उपदफा ३ मा अध्यक्ष र कम्तीमा ४ सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था रहेकामा त्यसलाई संशोधन गरेर अध्यक्ष र कम्तीमा ३ जना सदस्य गरी ४ जना मात्र उपस्थित भए पनि गणपूरक संख्या पुगेको मानिने व्यवस्था उपदफा ४ मा गरिएको छ।

त्यस्तै, बैठकमा कुनै पनि निर्णय सर्वसम्मतिमा हुनुपर्ने, यदि नभए अर्को बैठक बोलाउनुपर्ने र त्यसमा सम्पूर्ण सदस्यको बहुमतका आधारमा निर्णय गर्ने व्यवस्था रहेको उपदफा ६ र ७ लाई अध्यादेशले हटाएको छ। यसका लागि अध्यादेशले उपदफा ५ मा त्यससम्बन्धी व्यवस्था गरेको छ। जसमा बैठकमा पेस भएको प्रत्येक विषयको निर्णय सर्वसम्मतिका आधारमा हुने र सर्वसम्मत कायम हुन नसकेमा बहुमतको आधारमा निर्णय हुन सक्ने भनिएको छ। बहुमतको विषयमा अध्यादेशको सोही उपदफामा खण्ड क, ख र ग राखेर स्पष्टीकरण समावेश गरिएको छ।

जसअनुसार खण्ड 'क' मा अध्यक्ष र ५ जना सदस्य उपस्थित भएको बैठकमा अध्यक्षको मतसहित कम्तीमा ३ जनाको निर्णय परिषद्को निर्णय मानिने भनिएको छ भने खण्ड 'ख' मा अध्यक्ष र ४ जना सदस्य उपस्थित भएको बैठकमा अध्यक्ष र कम्तीमा २ जना सदस्य गरी कम्तीमा ३ जनाको निर्णय परिषद्को निर्णय मानिने उल्लेख छ। यस्तै, खण्ड 'ग' मा अध्यक्ष र ३ जना सदस्य उपस्थित भएको बैठकमा अध्यक्ष र २ जना सदस्य गरी कम्तीमा ३ जनाको निर्णय परिषद्को निर्णय मानिने भनिएको छ। यो संशोधनमार्फत् अब अध्यक्ष (प्रधानमन्त्री) र अरू ३ जना सदस्य मात्र उपस्थित भए पनि बैठक सञ्चालन हुनेछ भने ३ जनाको निर्णय नै अन्तिम हुनेछ। साथै, परिषद् बैठकका लागि विद्युतीय माध्यमबाट पनि सूचना दिनसक्ने व्यवस्था गराउन सक्ने व्यवस्था अध्यादेशमा थप गरिएको छ।

**प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश नै निर्णायक !**

४ जनाको उपस्थितिमा बैठक बस्न सक्ने र ३ जनाको निर्णय अन्तिम हुने व्यवस्थासँगै अब संवैधानिक परिषद्मा प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश नै निर्णायक हुने देखिएको छ। प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) परिषद्मा अल्पमतमा छन्। बालेनको पक्षमा हाल सभामुख डोलप्रसाद अर्याल मात्र छन्। उपसभामुख श्रम संस्कृतिबाट, राष्ट्रियसभा अध्यक्ष नेकपाबाट र प्रतिपक्षी दलको नेता कांग्रेसबाट भएका कारण परिषद्मा प्रधानमन्त्री अल्पमतमा थिए। अब अध्यादेशमा भएको व्यवस्थाअनुसार प्रधानमन्त्रीले सभामुख र प्रधानन्यायाधीशको सहमतिमा निर्णय गर्न सक्ने भएका छन्। सामान्यतया परिषद्मा प्रधानन्यायाधीश तटस्थ बस्ने र सरकारको तर्फबाट आएका प्रस्तावहरूमा समर्थन जनाउने गरेका छन्। यस हिसाबमा अब ६ सदस्यीय परिषद्मा उपसभामुख, राष्ट्रियसभा अध्यक्ष र विपक्षी दलको नेता एउटा कित्तामा र प्रधानमन्त्री, सभामुख र प्रधानन्यायाधीश एउटा कित्तामा हुने देखिन्छ।

**२८ वैशाखमा संसद् अधिवेशन...**

अघिल्लो सरकारले ल्याएका अध्यादेशका सन्दर्भमा पनि त्यसको प्रतिस्थापन विधेयक तत्कालै दर्ता हुने देखिएको छ।

**अधिवेशनअघि नै सचिव फेर्ने सभामुखको तयारी**

बजेट अधिवेशन सुरु हुनुअगावै सभामुख डोलप्रसाद अर्याल प्रतिनिधिसभाका सचिव हर्क राईलाई हटाएर आफूअनुकूल सचिव ल्याउने तयारीमा जुटेका छन्। यसका लागि सभामुखले राईलाई स्पष्टीकरणसमेत सोधेका थिए। सभामुख अर्यालले विशेष गरी दुइटा विषयमा केन्द्रित रहेर स्पष्टीकरण सोधेका थिए। जसमा प्रतिनिधिसभाका समितिहरूलाई सक्रिय नबनाएको र सांसदहरूको बोल्ने समय कटौती गरेको भन्दै सभामुखले जबाफ मागेका थिए। सचिव राईलाई स्पष्टीकरण सोध्नुअघि सभामुखले उनलाई बोलाएरै मार्गप्रशस्त गर्न भने पनि राईले आफू राजिनामा नदिने बरु स्पष्टीकरण फेस गर्ने जबाफ दिएका थिए।

त्यसपछि सभामुखले 'संघीय संसद्का महासचिव, प्रतिनिधिसभाका सचिव तथा राष्ट्रियसभाका सचिवको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०७५' अनुसार स्पष्टीकरण सोधेका थिए। उक्त ऐनको दफा ६ मा सचिवको पद रिक्तसम्बन्धी व्यवस्था छ। जसमा खण्ड (ङ) मा कार्यक्षमताको अभाव, खराब आचरण वा आफ्नो पदीय कर्तव्यको पालना इमानपूर्वक नगरेको भनी सभामुखले राष्ट्रपतिसमक्ष सिफारिस गरेमा पदबाट हटाउन सकिने व्यवस्था छ भने त्यसरी हटाउँदै गर्दा सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्ने उल्लेख छ। यसैका आधारमा सभामुखले स्पष्टीकरण सोधेका थिए।

स्रोतका अनुसार सचिव राईले मंगलबार स्पष्टीकरण बुझाएका छन्। सभामुखले त्यसबारे केही दिनमै निर्णय लिने उनको सचिवालयले जनाएको छ। सभामुखले स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै राष्ट्रपतिसमक्ष राईलाई सचिवबाट हटाउन सिफारिस गर्नेछन्। नेपालमा २०६२ पछिको संसदीय अभ्यासका क्रममा पहिलो पटक सभामुखले सचिवलाई हटाउने तयारी गरेका हुन्। यसअघि सभामुखको आग्रहमा सचिवहरूले राजीनामा दिने गरेका थिए। राईलाई निवर्तमान सभामुख देवराज घिमिरेको सिफारिसमा राष्ट्रपतिले सचिव नियुक्त गरेका थिए।

**नागरिकलाई सामान...**

**भन्सार नाकामा कन्टेनरको लाइन, वीरगन्जमै १४०० रोकिए**

वैशाख १५ गतेदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी नहुँदा मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान आयात हुने वीरगन्ज भन्सारमा जाँचपास ठप्प छ। जसका कारण भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढ्दो छ। वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले दैनिक २०० भन्दा धेरै मालवाहक सवारीसाधन थपिने भएकाले पनि औसतमा १ हजार ४०० हाराहारी सवारीसाधन जाँच प्रक्रियामा रोकिएको बताए। वीरगन्जको एकीकृत सुरक्षा भन्सार जाँच चौकी व्यवस्थापनको जिम्मा पाएको टिआरएस हिमालयन लर्जी पार्क प्रालिका इन्चार्ज गणेश घिमिरेले भन्सार जाँचपास नहुँदा भारतीय सडकमा समेत मालवाहक सवारीसाधनको लाइन लागेको बताए।

यता, चीनसँगको नाका रसुवा भन्सारमा पनि जाँचपास नहुँदा तयारी वस्तु बोकेका ६० भन्दा धेरै कन्टेनर रोकिएका छन्। भन्सार कार्यालयका सूचना अधिकारी गौतमले व्यवसायीलाई प्रतिबद्धता गर्न लगाएर कुहिने वस्तुहरूको जाँचपास गरिएको बताए। उनले भने, 'हाइड्रो र सडक निर्माणका वस्तु निर्वाध आयात भइरहेको छ। ठुलो संख्यामा स्याउलगायत फलफूल कुहिने भएपछि प्रतिबद्धता गर्न लगाएर जाँचपासमा सहभागी गराइएको छ। बाँकी कन्टेनर भने रोकिएका छन्।' गौतमका अनुसार दैनिक ११ करोड रुपैयाँ राजस्व लक्ष्य राखिएकामा औसतमा दैनिक ७ करोड संकलन हुने गरेको थियो। तर, अनिवार्य एमआरपी र पछिल्लो समय चीनमा लामो बिदा हुँदा दैनिक १ करोड मात्रै संकलन भइरहेको छ।

जाँचपास रोकिँदा विराटनगर भन्सारमा पनि ४५ भन्दा बढी कन्टेनर रोकिएका छन्। भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठले १२ करोड राजस्व संकलन हुने गरेकामा अहिले दैनि ९ करोड मात्र भइरहेको बताए। यस्तै, सुदूरपश्चिमको सबैभन्दा ठुलो भन्सार नाका कैलालीमा पनि भन्सार जाँचपास रोकिँदा झन्डै १०० कन्टेनर भन्सारमा रोकिएका छन् भने भारततर्फ पनि रोकिएको बताइएको छ। भन्सार कार्यालयका प्रमुख अनन्तप्रसाद तिम्सिनाका अनुसार राजस्व संकलन घटेको छ।

**मेची र कञ्चनपुर भन्सारबाट आयात नै घट्यो**

त्यस्तै, मेची भन्सारबाट भने आयात नै घटेको छ। भन्सार कार्यालयका प्रमुख शिवलाल न्यौपानेले २ वटा कन्टेनर भन्सारमा रोकिएको बताए। उनले कच्चा पदार्थ निर्वाध जाँचपास भइरहेको बताए। उनले भने, 'ट्रेडिङका वस्तु आयात नै कम हुन थालेको छ। अरू बेला ४ करोडभन्दा बढीको वस्तु आयात हुने गरेकामा हाल २ करोड रकम बराबर मात्रै आयात भइरहेको छ।

सरकारले एमआरपी अनिवार्य गर्दा अन्य भन्सार जस्तै भैरहवा भन्सारमा पनि जाँचपास रोकिएको छ। यो भन्सारबाट धेरैजसो इन्धन र कच्चा पदार्थ आउने भए पनि अन्य वस्तु बोकेका कन्टेनर भारततर्फ नै रोकिएका छन्। भैरहवा भन्सार कार्यालय प्रमुख हरिहर पौडेलका अनुसार पछिल्लो समय राजस्व संकलन घटेको छ। वैशाख १५ अघि दैनिक ३० करोड संकलन हुने गरेकामा पछिल्लो हप्ता औसतमा दैनिक २२ करोडमा झरेको छ। यो गतिमा राजस्व संकलन घट्दै जाने हो भने लक्ष्य नभेट्ने पौडेलले बताए।

यस्तै, सुदूरपश्चिको कञ्चनपुर भन्सारबाट पनि आयात न्यून हुन थालेको छ। अनिवार्य एमआरपी कार्यान्वयन भएसँगै आयात पनि घटेको हो। कञ्चनपुर भन्सार कार्यालय प्रमुख अम्बिकादेवी सुवेदीले कन्टेनरमार्फत् नै वस्तु आयात नहुने भएकाले कुनै सवारीसाधन होल्ड नभएको, तर वस्तु आयात भने घटेको बताइन्। पछिल्लो समय झन्डै ५० प्रतिशत राजस्व घटेको उनले बताइन्।

**नेपालगन्ज भन्सारमा छैन धेरै प्रभाव**

यता, नेपालगन्ज भन्सार कार्यालयमा भने एमआरपी अनिवार्य गर्ने निर्णयको असर नगण्य देखिएको छ। कार्यालय प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले नेपालगन्ज भन्सारबाट खाद्यान्न, तरकारी, औद्योगिक कच्चा पदार्थ बढी आउने भएकाले खासै असर नपरेको बताए।

---

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
त्रिपुरेश्वर शाखा, काठमाडौं महानगरपालिका
सम्पर्क फोन: +९७७-०१-५१११७७/७८/८९

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री पञ्च मुनि बज्राचार्यको नाति, हिराकाजी बज्राचार्यको छोरा, बागमती प्रदेश काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १२ हाल काठमाडौं टेकु - १२ बस्ने ८० वर्षको श्री सानु काजी बज्राचार्यको मिति २०८२/१०/२१ (ई.सं. १२/०२/२०२६) मा मृत्यु भएकोले स्व. सानु काजी बज्राचार्यको हाल काठमाडौं - १२ बस्ने छोरा कर्मेश बज्राचार्यले मृतकको नाममा यस बैंकको टेकु शाखा (हाल त्रिपुरेश्वर शाखा) मा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको त्रिपुरेश्वर शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
दमक शाखा, दमक नगरपालिका, झापा
सम्पर्क फोन: +९७७-०२३-५७०८८५/५७५१५७

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री निर्मल कटुवालको श्रीमती, गोपाल प्र. कार्कीको छोरी, कोशी प्रदेश मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल दमक - ०५ बस्ने ४६ वर्षकी श्रीमती गोमा देवी कार्कीको मिति २०८२/१२/१६ (ई.सं. ३०/०३/२०२६) मा मृत्यु भएकोले स्व. गोमा देवी कार्कीको पति हाल दमक - ०५ बस्ने श्री निर्मल कटुवालले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको दमक शाखा, दमक नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
त्रिभुवन चोक शाखा, नेपालगंज उपमहानगरपालिका, त्रिभुवन चोक
सम्पर्क फोन: +०८१-५३२८७६/५३६५७६

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री काले सुनारको नातिनी, गोरे सुनारको छोरी, लुम्बिनी प्रदेश बाँके जिल्ला, कोहलपुर नगरपालिका वडा नं. ११ हाल एकता नगर - ११ बस्ने ७५ वर्षकी श्रीमती देवीसरा सुनारको मिति २०८१/१२/२८ (ई.सं. १०/०४/२०२५) मा मृत्यु भएकोले स्व. देवीसरा सुनारको छोरा हाल एकता नगर - ११ बस्ने श्री गोपी बहादुर सुनारले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको त्रिभुवन चोक शाखा, नेपालगंज उपमहानगरपालिमा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

**एन आई सी एशिया बैंक लिमिटेड**
NIC ASIA एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
बौद्ध शाखा, काठमाडौ महानगरपालिका
सम्पर्क फोन: +०१-४५९३१९२, ०१-४५९३१९४

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम् श्री अक्कल बहादुर खत्री क्षेत्रीको नातीनी कृष्ण बहादुर खत्री क्षेत्रीको छोरी, कोशी प्रदेश ओखलढुङ्गा जिल्ला, चम्पादेवी गाउँपालिका वडा नं. ८ मा बस्ने ३२ वर्षकी श्रीमती अप्सरा लुइटेलको मिति २०८०/१२/२० गते (ई.सं. २०२४/०४/०२) मा मृत्यु भएकोले अक्कल बहादुर खत्री क्षेत्रीको छोरा हाल चम्पादेवी गाउँपालिका वडा नं. ८ मा बस्ने कृष्ण बहादुर खत्री क्षेत्रीले मृतकको एकल नाममा यस बैंकको चाबहिल शाखा (हाल बौद्ध शाखा) सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको बौद्ध शाखा, काठमाडौ महानगरपालिका दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

28 Years of Excellence — बैंक पनि, साथी पनि — राम्रो पनि, हाम्रो पनि

---

**नाम परिवर्तन गरिएको सूचना**

**तेस्रो पटक प्रकाशित मिति: २०८३/०१/२३**

यस कम्पनी २०८३/०१/१४ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविकको **जीवा ब्यूटी एण्ड स्पा प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पति तथा तिर्न व्यहोर्न पर्ने ऋण, कर, धन दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०१/१७ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी **हिमालय सेरेनिटी वेलनेस प्रा.लि. (३६७२९२)** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्री वितरण सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०८३/०१/२२**

एस कृष्ण सा.उ समूह ,सिन्धुलीको आ.व. २०७९÷२०८० मा उत्पादन भई आपुर्ति समितिलाई छुट्याइको साल तथा अन्य जातको गोलिया थान ४७ को ४६९.३२ क्युफिट गोलिया काठ आपुर्ति समितिबाट समुहमा फिर्ता आएकोले व्यापारिक प्रयोजनकलागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यससमूहको सुचना पाटीमा टाँस गरिएको छ।

**कृष्ण सा.उ स.**
हरिहरपुरगढी गाउँपालिका-०८ ,सिन्धुली

---

**हकदावी गर्न आउने बारे ३५ दिने सूचना**

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५/०२/०८ मा दर्ता भएको **मैदान काली यातायात प्रा.लि. (दर्ता नं. १८९९३३/०७४/०७५)** को मिति २०८३/०१/२२ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ।

**लिक्वीडेटर: पुरुषोत्तम अमात्य, इजाजतपत्र नं. ५०१, फोन नं. ९८५११११७६६**

---

**काठ लिलाम विक्री सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मिति :२०८३।१।२३

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात ,साल २०९ थानको १३०८।६३ क्युफि,साल बल्लाबल्ली ४८ थानको १५१।०९ क्युफि गोलिया काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले सौर्य राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ।

**अध्यक्ष**
**श्री गैरीगडा सामुदायिक वन उपभोक्ता समुह**
**गोदावरी न.पा..४ गैरीगडा, कैलाली**

---

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०१/२३

यस कम्पनीको मिति २०८२।१२।२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **शोमी खाद्य सप्लायर्स प्रा.लि. (दर्ता नं. ३१७२१४)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०१।०४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **काठमाण्डौ खाद्य सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

---

**त्रिभुवन विश्वविद्यालय**
**महेन्द्र मोरङ आदर्श वहुमुखी क्याम्पस**
**बिराटनगर, नेपाल**

**आसय पत्र र प्रस्ताव स्वीकृति सम्वन्धि आशयको सूचना**

**सूचना प्रकाशित मिति : २०८३।०१।२३**

यस क्याम्पस बाट मिति २०८२।१२।२२ मा प्रकाशित सिभिल इन्जीनियरिंग परामर्श सेवा खरिदका लागि आसयपत्र र प्रस्ताव आव्हानको सूचना अनुसार प्राप्त भएका आसयपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही रही न्युनतम मूल्याकिंत देहायको आसय पत्र र प्रस्ताव स्वीकृत योग्य भएकोकोले सोको प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो ३ दिने सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | कार्यको विवरण | आसय पत्रदाताको नाम | सेवा शुल्क दर |
|---|---|---|---|
| १ | नयाँ चमेना गृह भवन निर्माण तथा निर्माणाधिन शैक्षिक/प्रशासनिक भवनको सुपरभिजन लागि सिभिल इन्जीनियरिंग परामर्श सेवा | न्यू प्लानेट इन्जीनियरिंग सर्भिसेज प्रा.लि., काठमाडौ। | २ ५ अनुमानित लागतमा |

**क्याम्पस प्रमुख**

---

**Wanted**

- **Vice Principal** (English Background)
- **Lower Secondary Teacher** (All-Rounder)
- **Salary:** No bar for deserving candidates

**Contact :**
**Email :** kanikanisha037@gmail.com
**Phone :** 9848345817

---

**माईग्रेसन सर्टिफिकेट हरायो**

मिति २०८२।१०।२९ गते गोठाटार काठमाडौबाट कोटेश्वरचोक सम्म जाँदा मेरो+२ को माइग्रेशन सर्टिफीकेट हराएको हुँदा पाउनुहुने वा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**नाम : विवेक ढकाल**
**ठेगाना: का.म.न.८, गोठाटार, काठमाडौं**
**रजिष्ट्रेशन नं: ६६७७०४०३९**
**रोल नं.:३७७००१५०**
**सम्पर्क नं.: ९७६२२२१५५६**

---

**कम्पनीको नाम परिवर्तनको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८३/०१/२३)**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंको मिति २०८२/१२/२७ को निर्णयानुसार इजि जोल्ली डट कम प्रा. लि. को नाममा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी गूड भ्यालु सप प्रा. लि. कायम भएको हुँदा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

---

**Malaysia मा रोजगार**

**1. ENG TEKNOLOGI SDN. BHD.**
पुर्व स्वीकृती मिति: २०८३/१/१७ | चलानी नं. ६०२५४८१२ | LT No.: 341263

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Manufacturing Worker | 31 | 0 | साधारण | 1700 | ६५,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. ENG HENG STEEL SDN. BHD.**
पुर्व स्वीकृती मिति: २०८३/१/१७ | चलानी नं. ६०२५४८१३ | LT No.: 341262

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Scrap Metal and Used goods worker | 18 | 0 | साधारण | 1700 | ६५,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**3. SENG CHONG PRECISION SDN. BHD.**
पुर्व स्वीकृती मिति: २०८३/१/१७ | चलानी नं. ६०२५४८१४ | LT No.: 341260

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Manufacturing Worker | 4 | 0 | साधारण | 1700 | ६५,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**4. WJ LEGEND SDN. BHD.**
पुर्व स्वीकृती मिति: २०८३/१/४ | चलानी नं. ६०२५४८१५ | LT No.: 340640

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Restaurant Workers | 5 | 0 | साधारण | 1700 | ६५,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता २०८३ बैशाख 30 गते (13 May, 2026) यस प्रा. लि. को कार्यालय सामाखुशी, काठमाडौंमा हुनेछ।**

**WIN RECRUITMENT PVT. LTD.** Gov. Lic. No. 1383/074/75
Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112262, 9801112267
Contact Person : 9801112250 (Dinesh Tiwari), Email : winrecruitment1383@gmail.com

---

**माइग्रेसन हरायो**

मिति २०८२/१२/१५ गते सुकेधारादेखि ऐयरपोर्ट जाँदा मेरो निम्न बेहोरा भएको Bachelor in Business Administration (BBA) को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**Name : Puja Karki**
**Registration No. : 51100010017**
**Address : Sukedhara, Kathmandu**

---

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

दोस्रो पटक प्रकाशित मिति: २०८३/१/२३

यस कम्पनीको मिति २०८२/१२/१४ मा साधारण सभा/विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनी ए.वि.सी. इङ्गलीस स्कूल धनुषा प्रा. लि. (प्रा.लि.नं.: १३४३७४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१२/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मिर्चैया पब्लिक पाठशाला सिरहा प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**काठ/दाउरा लिलाम बिक्रीको बोलपत्र पेश बारेको सूचना**

**पहिलो पटक सूचना प्रकाशन मिति: २०८३/०१/२३ गते बुधबार**

डिभिजन वन कार्यालय, बर्दियाको कटान सहमति अनुसार खयर लगायत जातको गोलिया थान ७८७ को २९२७.०२ घ.फि. काठ र साल लगायत जातको दाउरा २१.०० चट्टा दाउरा दाउरा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**असारी सा.व.उ.स.**
मधुवन-२, बर्दिया

---

**अत्यन्त जरुरी सूचना**

म आयुष घिमिरे मिति २०८२/०५/११ मा टोखा न.पा. वडा नं.३ को वडा कार्यालयमा भएको खेलकुदको पुरस्कार वितरण कार्यक्रममा सहभागी हुँदा मेरो हाते व्याग (वालेट) सहित हराएको हुँदा उक्त वालेटमा भएको ग्लोबल आई.एम.ई. बैंक लि.को खाता नं. २९७०७०१००२६२०२ को चेक नं.००७०१९७९६९ र ००७०१९७९७० का २ थान चेकहरुमा मेरो हस्ताक्षर मात्र गरी राखेकोमा उक्त हाते व्याग (वालेट) सहित हराएको थियो उक्त वालेट अन्य कसैले भेटी चेकहरु दुरुपोग भएको थाहा जानकारी पाएको हुँदा मिति २०८३/०१/२२ मा सम्बन्धित बैंकमा निवेदन गरी चेक भुक्तानीको लागी स्टप (Stop payment) गरी जानकारी गराएको तथा चेकको प्रयोजन समाप्त भएको हुँदा उक्त चेक बापतको कारोबार रद्द गरिएको र उल्लेखित चेकको दुरुपयोग हुने सम्भावना भएको हुँदा सरोकारवाला निकाय तथा सर्वसाधारण सबैमा सूचना जारी गरिएको व्यहोरा अनुरोध छ।

**आयुष घिमिरे**
**टोखा न.पा. वडा नं. ३ फोन नं. ९७६१०९२४२९**

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८२।०५।२४ मा दर्ता भएको **प्रा.लि. नं. ३७४९७८** को **हस्पिटालिटी हाइजिन सप्लाइज प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

---

**Kuwait/Malaysia मा रोजगार**

**1. Al Dhow Readymade Food Co.W.L.L., Kuwait**
पुर्व स्वीकृती मिति: २०८२/९/१८ | चलानी नं. ६०२५०१५७ | LT No. : 336556

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cashier | 4 | 4 | सम्बन्धित काममा दक्ष | 150 | ७८,२८५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Chef | 10 | 0 | | 160 | ७९,१९५।- | | | | | | | |
| ३. | Kitchen Helper | 20 | 10 | | 120 | ५९,३९६।- | | | | | | | |
| ४. | Resturant Crew | 18 | 10 | | 120 | ५९,३९६।- | | | | | | | |
| ५. | Waiter/Waitress | 15 | 10 | | 130 | ६४,३४५।- | | | | | | | |

**2. U-Metal Engineering Sdn. Bhd., Malaysia**
पुर्व स्वीकृती मिति: २०८३/१/२२ | चलानी नं.६०२५४८११ | LT No.: 341118

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Production Operator | 8 | 0 | साधारण | 1700 | ६५,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता २०८३ बैशाख 30 गते (13 May, 2026) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ।**

**Gurkha Employment PVT. LTD.** Gov. Lic. No. 143/056/57
Tokha-14, Samakhusi, Kathmandu, Tel.: 01-5913998
Contact Person : 9801129974 (Sany Raj Maharjan)
Email : gurkhaemployment840@gmail.com | Web : www.gurkhaemployment.com